# सामुदायीक विद्यालय निजिस्रोत शिक्षक तथा सामुदायिक वालविकास केन्द्र अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि २०७५

**२०७५ सालको नियम नं. १५** **स्वीकृत मिति २०७५।०६।१७**

**प्रस्तावना :** राष्ट्रिय विकासका लागि मेलौली नगरपालिका अन्तर्गतका विद्यालय स्तिरिय शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागी गुणस्तरिय शिक्षा द्धारा आवश्यक पर्ने दक्ष, योग्य सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै विद्यालय स्तरीय शिक्षा -आधारभुत र माध्यमीक शिक्षा प्रदान गर्न तथा संघीय लोकतान्त्रिक व्यवस्थापन अनूरुप जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिका अन्तर्गत संञ्चालित सामुदायीक विद्यालय र वालविकास केन्द्रहरुको शैक्षिक व्यवस्थापनमा टेवा पुऱ्याउन बान्छनीय भएकोले स्थानिय सरकार संञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्को व्यवस्था नभएसम्मका लागि नगरकार्यपालिकाबाट यो सामुदायीक विद्यालय अनुदान रकम व्यवस्थापन र निजिस्रोतका शिक्षक व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७५ लागु गरीएको छ ।

## परिक्षेद १ : संक्षिप्त नाम र प्रारम्भ

**१) संक्षिप्त नाम र प्रारम्भ :** क) यो कार्यबिधिको नाम सामुदायीक विद्यालय निजिस्रोत शिक्षक तथा **सामुदायिक विद्यालय, निजिस्रोत शिक्षक तथा वालविकास केन्द्र अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७५'** रहेको छ।

ख) यो कार्यविधि २०७५।०४।०१ देखि लागु भएको मानिनेछ ।

ग) यो कार्यविधि मेलौली नगर कार्यपालिका अन्तर्गत संञ्चालित सामुदायीक विद्यालय, र सामुदायिक वालविकास केन्द्रमा मात्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कार्यविधि भन्नाले मेलौली नगरपालिका अन्तर्गत सामुदायीक विद्यालय निजिस्रोत शिक्षक तथा सामुदायिक वालविकास केन्द्र अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७५' सम्झनु पर्छ ।

ख) ''नगरपालिका'' भन्नाले मेलौली नगरपालिकालाई सम्झनु पर्छ ।

ग) ''नगर सभा'' भन्नाले मेलौली नगरपालिकाको नगर सभा लाई सम्झनु पर्छ ।

घ) ''नगर कार्यपालिका'' भन्नाले मेलौली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) 'प्रमुख' भन्नाले मेलौली नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

च) "विद्यालय" भन्नाले मेलौली नगरपालिका अन्तर्गत संञ्चालित सामुदायिक विद्यालयलाई र सामुदायिक वालविकास केन्द्रहरुलाई सम्झनु पर्छ ।

छ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र मेलौली नगरपालिका बाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्विकृत प्राप्त सामुदायिक विद्यालय र सामुदायिक वालविकास केन्द्र सम्झनु पर्छ ।

ज) "विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक वालविकास केन्द्र देखि १२ कक्षा सम्म लिईने शिक्षा सम्झनु पर्दछ ।

झ) "शिक्षक भन्नाले" सामुदायिक विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधान्याध्यापक लाई समेत जनाउछं ।

ञ) "सहयोगी कार्यकर्ता" भन्नाले सामुदायिक विद्यालयहरुमा वा समुदायमा अध्यापनरत विद्यालय व्यवस्थापन समिति वा वालविकास केन्द्र व्यवस्थापन समिति वा शिक्षाविकास तथा समुन्वय इकाई वाट नियुक्त गरिएका वालविकास केन्द्रका शिक्षक सम्झनु पर्छ ।

ट) "समिति भन्नाले" विद्यालय वा वालविकास केन्द्र व्यवस्थापन समिति सम्झनु पर्छ ।

ठ) “वालविकास केन्द्र” भन्नाले विद्यालय वा समुदायमा नगरपालिकाको अनुमति प्राप्त गरी( ३_५ ) वर्ष उमेरका शिशुहरुकालागि खोलिएको शिशुविकास केन्द्र सम्झनु पर्छ ।

.

## परिच्छेद_२ : अनुदानको उद्धेश्य

**३। अनुदानको उद्धेश्य :**

क) सामुदायिक विद्यालयहरुमा न्युन पारिश्रमिकमा कार्यरत शिक्षक तथा स.का.हरुलाई प्रोत्साहित गर्ने ।

ख) सामुदायिक विद्यालयको संरचनात्मक तथा शैक्षिक गुणस्तरमा सुधार गर्ने ।

ग) विद्यालयहरुवाट प्रदान गरिने सेवालाई प्रभावकारी, जनमुखि तथा भरमर्दो तुल्याउन सहयोग गर्ने ।

घ) विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार कार्यलाई साकार तुल्याउन सहयोग गर्ने ।

ङ) शिक्षा ऐन नियमावलि अनुरुप योग्य निजिस्रोतका शिक्षकहरुलाई ब्यवस्थापन गर्ने ।

## परिच्छेद ३ : अनुदान दिन सकिने क्षेत्रहरु

**अनुदान दिन सकिने क्षेत्रहरु :** १) यस नगरपालिका द्धारा योजना खुलाई तोकेका वाहेक अनुदान शिर्षकमा विनियोजित गरिएको रकम देहाय वमोजिमका शिर्षकमा खर्च गर्न सकिने छ ।

क) निजिस्रोतका शिक्षकको तलव भत्ता

ख) वालविकास केन्द्रका सहयोगि कार्यकर्ताहरुको तलव भत्ता

ग) शैक्षिक सामाग्री ब्यवस्थापन

घ) मणिलेक मा.वि.मा संस्थागत स्थाई गरिएका शिक्षकहरुको क.सं.

कोष र ग्रेड ब्यवस्थापन

ङ) उत्कृष्ट / नमुना विदालय प्रोत्साहन

## परिक्षेद ४ : अनुदान तथा सहायता रकम निकासा तथा कार्यन्वयन प्रक्रिया

५। क) यस कार्यविधि वमोजिम उपलब्ध गराउने अनुदान नगरकार्यपालिका तथा नगर सभा वाट निर्णय पारित गरि तोकिए वमोजिम हुनेछ ।

ख) अनुदान रकम चौमासिक रुपमा तोकिए वमोजिम निकासा गरीने छ ।

ग) नगरपालिकाले तलब भत्ता र अन्य प्रयोजनका लागी उपलब्ध भए गराएको रकम -अनुदान, विद्यालयहरुले बैंक मार्फत सम्वन्धित शिक्षक,सहयोगी कार्यकर्ता वा विद्यालयहरुलाई वैंक खाता मार्फत मात्र भुक्तानि दिनुपर्ने छ ।

घ) अनुदान रकम पेश्कीको रुपमा दिन सकिने छ ।

ङ) अनुदान दिईसकेपछि विद्यालयहरुले नगरपालिकालाई तलबी भर्पाई तथा अन्य खर्चको फाटवारी वा वीलहरु पेश गरी पेश्कि फछर्यौट गर्नु पर्ने छ ।

च) तलब भत्ता वाफत अनुदानको हकमा सामुदायीक विद्यालयका शिक्षक तथा स.का.हरुको विवरण, समितिको नियुक्ती पत्र उपलब्ध गराउनु पर्ने छ ।

छ) शिक्षकको ज्यष्ठताको र योगदानको आधारमा विद्यालयले अनुदान उपलब्ध गराउनु पर्ने छ ।

६। दफा ५ मा जुनसुकै कुरा लेखिएको भएपनि सामुदायीक विद्यालयमा कार्यरत शिक्षक र स.का.हरुको बार्षिक तलब भत्ता अपुग भएमा सामुदायीक विद्यालयहरु आफैले अपुग रकम ब्यहोर्नु पर्नेछ ।

७ नगरपालिकाले देहाय बमोजिमका आधारमा सामुदायीक विद्यालयहरुलाई दिईने अनुदान रकम बर्षै विच्छे फरक_फरक हुन सक्नेछ ।

क) नगरपालिकाको आन्तरिक आम्दानी
ख) नगरपालिकाको बार्षिक बजेटको आकार
ग) नगरपालिकाको योजनाको प्राथमिकिकरण
घ) अनुदान आवश्यकता, औचित्यता र प्रभावकारिता

**परिच्छेद –५: विविध**

**८। लेखापरीक्षण सम्बन्धी व्यवस्था**

सामुदायीक विद्यालयहरुलाई निकासा भएको रकमको लेखापरिक्षण सामुदायीक विद्यालय र बालविकास केन्द्रको विनियम बमोजिम तथा नगरपालिकाको हकमा प्रचलित आर्थिक सम्वन्धि ऐन तथा नियमावलि बमोजिम हुनेछ ।

**९। अनुगमन सम्बन्धि व्यवस्था**

क) यस कार्यविधि वमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा नगरपालिका आफैले अनुगमन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।
ख) नगरपालिका बाट अनुगमन र मुल्याङ्कनको प्रतिवेदन अनुगमन रकमबाट तोकिएको कार्य नभएको पाइएमा नगरपालिकाले तोकिए बमोजिमको कार्य शिक्षक वा बिद्यालयलाई निर्देशन गर्न सक्नेछ ।
ग) नगरपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित वि.व्यवस्थापन समिति वा प्र.अ. को कर्तब्य हुनेछ ।
घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई प्रचलित कानुन बमोजिम कार्वाही गर्ने वा कार्वाही गर्नका लागि सम्वन्धित निकायमा लेखि पठाउन सकिने छ

**१०। संशोधन तथा परिमार्जन**

नगरपालिकाले सामुदायीक विद्यालय र बालविकास केन्द्रहरुमा निजि स्रोतका शिक्षकहरुको ब्यवस्थापन, शैक्षिक गुणस्तर सुधार एवम बाल बिकास केन्द्र ब्यवस्थापन तथा कार्यान्वयन कार्यविधि २०७५ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगरकार्यपालिका बाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ

**११) बचाउ तथा खारेजी**

क) यो कार्यविधि नगरपालिकाबाट सामुदायीक विद्यालयहरुमा दिईने अनूदानको हकमा मात्र लागु हुनेछ ।
ख) यो कार्यविधि नगर कार्यपालिकाबाट संशोधन वा खारेज भएको अवस्थामा संशोधन वा खारेज हुन पुर्व भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
लोकेन्द्र सिंह नेगी
प्रमुख प्रशासकीय अधिकृत